नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
# सडक विभाग
(प्रशासन शाखा)

फ्याक्स ५५२९१०६
फोन ५५२९०७५
बबरमहल, काठमाडौं,
नेपाल
(हालः चाकुपाट,
ललितपुर)
ई-मेल : dgdor@dor.gov.np

पत्र संख्या : ५.१.२०/०७५/७६
चलानी नम्बर : २९६
मिति : २०७५/८/१२

**विषय : काम, कर्तव्य, तथा अधिकार सहितको कार्यक्षेत्र एवं कार्य विवरण तोक्ने सम्बन्धमा ।**

श्री संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, इटहरी
श्री संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
श्री संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, पोखरा
श्री संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको प.सं. ४.४.१५।०७५/७६ च.नं. ३४३ मिति २०७५/८/१० को पत्र अनुसार संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयको कार्य क्षेत्र र कार्य विवरण एवं काम, कर्तव्य, तथा अधिकार तोकिएको सम्बन्धी पत्र यसैसाथ संलग्न राखी आवश्यक कार्यान्वयनका लागि पठाईएको व्यहोरा मिति २०७५/८/१२ को निर्णयानुसार अनुरोध छ ।

(धर्मेश प्रसाद गौतम)
शाखा अधिकृत

बोधार्थ
श्री सडक विभाग, पुल महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, योजना तथा अनुगमन महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, विकास सहायता कार्यान्वयन महाशाखा, ललितपुर ।
श्री सडक विभाग, यान्त्रिक महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, सम्भार महाशाखा, चाकुपाट ।
श्री सडक विभाग, आयोजना निर्देशनालय (ए.डी.बी.), विशालनगर ।
श्री सडक विभाग, सडक सुधार तथा विकास आयोजना, काठमाडौं ।
श्री सडक विभाग, उत्तर दक्षिण/व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय, चाकुपाट ।
श्री सडक विभाग, हुलाकी राजमार्ग निर्देशनालय, आलोकनगर ।
श्री गुणस्तर, अनुसन्धान तथा विकास केन्द्र, पाटनढोका ।

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२११७३२, ४२११९३१, ४२११७८२, ४२११६५५

फ्याक्स नं. ४२११७२०

सिंहदरबार काठमाडौं

प.सं.: ४.४.१५/०७५/७६
च.नं.: ३४३

मिति: २०७५ । ०८ । १०

विषयः काम, कर्तव्य तथा अधिकार सहितको कार्यक्षेत्र एवं कार्य विवरण तोक्ने सम्बन्धमा ।

श्री सडक विभाग,
चाकुपाट, ललितपुर ।

तहाँ विभाग अन्तर्गत संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय कायम गरी हाल सडक विभाग अन्तर्गत रहेका सडक डिभिजन ३३, हेभी इक्वीप्मेन्ट डिभिजन ८, यान्त्रिक कार्यालय ५ एवं आयोजना/योजनाहरु तत् तत् संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय अन्तर्गत कायम गरी देहाय बमोजिम संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयको कार्यक्षेत्र र कार्य विवरण एवं काम, कर्तव्य र अधिकार तोकिएको व्यहोरा नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७५ । ०८ । ०५ को निर्णयानुसार अनुरोध गर्दछु ।

**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयको कार्य क्षेत्र सम्बन्धमा :**

क) संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय ईटहरीको कार्यक्षेत्र :

सडक डिभिजन ईलाम, दमक, विराटनगर, धनकुटा, तुम्लिङटार, लहान, जनकपुर, हर्कपुर, चन्द्रनिगाहपुर, हेभी इक्वीप्मेन्ट डिभिजन ईटहरी, जनकपुर, यान्त्रिक कार्यालय, फिदिम ।
उक्त कार्यक्षेत्रमा पर्ने आयोजना/योजना कार्यालयहरु ।

ख) संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौंको कार्यक्षेत्र :

सडक डिभिजन काठमाडौं, ललितपुर, भक्तपुर, खुर्कोट, चरिकोट, हेटौंडा, भरतपुर, नुवाकोट हेभी इक्वीप्मेन्ट डिभिजन हेटौंडा, काठमाडौं यान्त्रिक कार्यालय नुवाकोट ।
उक्त कार्यक्षेत्रमा पर्ने आयोजना/योजना कार्यालयहरु ।

ग) संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय पोखराको कार्यक्षेत्र :

सडक डिभिजन पोखरा, दमौली, वाग्लुङ, पाल्पा, बुटवल, शिवपुर, दाङ, प्यूठान, नेपालगंज, हेभी इक्वीप्मेन्ट डिभिजन पोखरा, बुटवल यान्त्रिक कार्यालय, इम्रे, दाङ ।
उक्त कार्यक्षेत्रमा पर्ने आयोजना/योजना कार्यालयहरु ।

घ) संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय सुर्खेतको कार्यक्षेत्र :

सडक डिभिजन सुर्खेत, चौरजहारी, खलंगा जुम्ला, महेन्द्रनगर, डोटी, बैतडी, साँफेबगर हेभी इक्वीप्मेन्ट डिभिजन सुर्खेत, गोदावरी, यान्त्रिक कार्यालय अनारखोली बैतडी ।
उक्त कार्यक्षेत्रमा पर्ने आयोजना/योजना कार्यालयहरु ।

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२११७३२, ४२११९३१, ४२११७८२, ४२११६५५

फ्याक्स नं. ४२११७२०

सिंहदरबार, काठमाडौं

प.सं.: ४.४.१५/०७५/७६
च.न. ३४२

काम, कर्तव्य, अधिकार तथा उत्तरदायित्व :-

१) सडक विभागको महानिर्देशकको निर्देशनमा रहि संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालयको सुपरिन्टेन्डिङ इन्जिनियरको हैसियतले तोकिएको तत् तत् कार्यालयको सडक र पुलको विकास तथा यातायातलाई सुरक्षित र वैज्ञानिक ढङ्गले प्रवाहित गर्नको लागि सडक तथा पुलहरुको योजना तर्जुमा, योजना कार्यान्वयन, निर्माण, सम्भार, मर्मत र सुरक्षा सम्बन्धी कार्यहरु सम्पादन गर्ने, अनुगमन एवं मूल्यांकन गर्ने तथा सडक विभाग अन्तर्गत एकरुपता कायम एवं क्षेत्रमा गरिएका मर्मत सम्भार कामहरुको गुणस्तर नियन्त्रण, अनुगमन एवं परिक्षण, ठेक्का पट्टा सम्बन्धी काम भएकोमा के कस्तो भएको सो समेतलाई ध्यानमा राखी जिम्मेवारी वहन गर्नुको साथै कार्यालयको कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धी कार्यहरु सम्पादन गर्ने ।

२) सडक निर्माणका कार्यक्रम, योजनाहरुको पहिचान र सडक मर्मत एवं सम्भार सम्बन्धी वार्षिक कार्यक्रम प्रस्ताव गरी विभागमा पठाउने ।

३) तोकिएको क्षेत्र अन्तर्गतका स्विकृत वार्षिक कार्यक्रमहरुको प्रगति, गुणस्तर आदि निरीक्षण एवं मूल्यांकन गरी निर्देशन दिने र तत्सम्बन्धी सुधार बारे राय सुझाव पेश गर्ने ।

४) वार्षिक कार्यक्रम अनुसारको कार्यको प्रगति विवरण सङ्कलन गरी सडक विभागमा पठाउने ।

५) सडक तथा पुलहरुको इन्भेन्ट्रि अद्यावधिक गराई राख्न लगाउने । तोकिएको क्षेत्र अन्तर्गतका सबै कार्यालय/योजना/डिभिजनबाट संचालित कार्यक्रम/कार्यहरुको विभिन्न प्राविधिक एवं आर्थिक विषयहरुको तथ्याङ्क सङ्कलन गर्ने गराउने, राख्ने एवं आवश्यकता अनुसार विभागमा पठाउने ।

६) सडक सिमा भित्र वृक्षारोपण, हरियाली विकास, सडक सङ्केत, कि.मि.पोष्ट, रोड फर्निचर आदिको सुरक्षा गराउने ।

७) हे.ई.डि. तथा या.का.मा रहेका मेशिन, इक्विपमेण्ट आवश्यकता अनुसार डिभिजन/योजनाको काममा खटनपटन गर्ने ।

८) ठेकेदार कन्सलटेन्टको "परफरमेन्स इभ्यालुएसन" डिभिजन/योजनाबाट वार्षिक रुपमा गर्न लगाउने र राय मन्तव्य सहित पेश गर्ने ।

९) सडक एवं पुलहरुको (सुरक्षाका हिसावमा) Status Report प्रत्येक ४/४ महिनामा डिभिजन/योजनाबाट लिई विभागमा पेश गर्ने ।

१०) दैवी प्रकोप वा आकस्मिक घटनाका कारण सडक अवरुद्ध भएमा सडक खुलाउने कार्यको समन्वय गर्ने, सम्भावित आकस्मिक घटनाको पहिचान गरी उद्धारका लागि तयारी अवस्थामा राख्ने, राख्न लगाउने । सडकहरुको ट्राफिक डाटा, दुर्घटना आदि बारेमा डाटाहरु नियमित रुपमा अन्तर्गतका कार्यालयहरुबाट संकलन गरी विभागलाई जानकारी गराउने ।

११) प्रयोगशालाको लागि आवश्यक पर्ने औजार यन्त्र तथा उपकरणहरुको सूचि तयार गरी उपलव्ध गर्ने, गराउने र केन्द्रिय स्तरको प्रयोगशालाको समन्वयबाट गुणस्तर नियन्त्रण

नेपाल सरकार
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२११७३२, ४२११९३१, ४२११७८२, ४२११६५५
फ्याक्स नं. ४२११७२०
सिंहदरबार, काठमाडौं

प.सं.: ४.४.१५/०७५/७६
च.नं. ३४३ गरी नीति निर्धारण गर्ने । संघीय स्तरको प्रयोगशालालाई बढि से बढि प्रयोगमा ल्याई निर्माण कार्य तथा निर्माण सामाग्रीको गुणस्तर चेक गरी कार्यान्वयन गराउन लगाउने । संघीय एवं डिभिजनहरुको प्रयोगशालालाई स्तरोन्नती गरी सञ्चालन गर्न लगाउने ।

१२) तोकिएको क्षेत्र अन्तर्गत वेरुजु कम गराउने र वेरुजु फछ्र्योट गरी, गराई वेरुजु न्यूनिकरण गराउने ।

१३) मातहतका कर्मचारीहरुको कार्य सम्पादन कार्यहरुको सुपरिवेक्षण पुनरावलोकन गरी आवश्यकतानुसार आफ्नो सल्लाह सुझाव तथा निर्देशन दिने र पथ प्रदर्शन गर्ने अन्तर्गका कर्मचारीहरुको का.स.मु. सुपरिवेक्षण तथा पुनरावलोकन गरी समयमै सम्पन्न गर्ने, गराउने र दण्ड वा पुरस्कार दिनु पर्ने अवस्थामा कार्य सम्पादन उपलव्धी सहित राय सुझाव पेश गर्ने ।

१४) अधिनस्थ डिभिजन/योजनाको जिन्सी सामानको भौतिक परिक्षण गरी गराई विभागमा प्रतिवेदन पठाउने ।

१५) इमरजेन्सी पिरियड (वर्षायाम समेत) को लागि मेसिन, इक्यूपमेण्ट खटन पटन गर्ने, हेभी इक्विपमेन्ट व्यवस्थापन गर्ने ।

१६) प्रचलित ऐन, नियम भित्र रही क्षेत्र भित्र रहेका उपलव्ध श्रोत र साधनको तोकिएको नीति अनुसार परिचालन गर्ने, गराउने ।

१७) अंचल क्षेत्रीय एवं अन्य सम्बन्धित निकायहरुसँग सडक निर्माणको कामको समन्वय गर्ने/गराउने । स्थानीय स्तरमा प्राप्त भएका उजुरी निवेदनमा छानविन गर्ने / गर्न लगाउने तथा आवश्यकता अनुसार कारवाही गर्ने/गराउने ।

१८) खरिद ऐन, नियमावली आ.प्र. सम्बन्धी नियमावली, नि.से.ऐन र नियमावली र प्रशासकिय अधिकारीको काम कर्तव्य अधिकारहरु एवं प्रचलित कानूनद्वारा निर्दिष्ट गरिएका अधिकार बमोजिम काम गर्ने/गराउने ।

१९) खरिद ऐन, नियमावली आ.प्र. सम्बन्धी नियमावली वा प्रत्यायोजित अधिकार बमोजिम वोलपत्र कागजात तयार गर्ने स्वीकृत दिने, वोलपत्र आमन्त्रित गर्ने, स्विकृत गर्ने, सर्त अनुसार कार्य भए नभएको सुपरिवेक्षण गरी आवश्यक कारवाही गर्ने वा विभागीय प्रमुखमा राय सहित पेश गर्ने ।

२०) माताहतका कार्यालय र विभागबीच पुल (समन्वय)को कार्य गर्ने ।

२१) रा.प.अनं. प्रथम श्रेणीसम्मका कर्मचारीहरुलाई आफ्नो कार्यक्षेत्र भित्र विभागसँग समन्वय गरी सरुवा गर्ने/काज खटाउने एवं सो को अभिलेख पर्ने ।

(चन्द्र बहादुर थापा)
शाखा अधिकृत